# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-५४, कार्तिक, २०७४


## भित्र


स्थानीय सरकारसँग अन्तर संवाद ..........................................२

भूकम्प प्रतिरोधी घर बनाउन डकर्मी तालिम ...........................४

निर्वाचनसम्बन्धी प्रशिक्षण .....४

सामाजिक परिवारसँग अन्तर्क्रिया..................................५

नयाँ संविधानमा मौलिक हक..७

सामाजिक परिवारबाट वडा सदस्य..........................................८



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल: info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org




# सकारात्मक सोच कार्यशाला

काठमाडौं । गोकर्णेश्वर नगरपालिकाका जनप्रतिनिधिहरू, काठमाडौं महानगरपालिका वडा नं. ६, ७ र ८ का वडा अध्यक्ष र कर्मचारीहरूका लागि दुईदिने 'सुशासन अभिवर्द्धनका लागि तनाव प्रबन्धन' विषयक कार्यशाला सम्पन्न भयो ।

कार्यशालालाई योग विज्ञान एवं मानव चेतना विषयका विशेषज्ञ डा. राजु अधिकारीले सकरात्मक सोच, सुशासन र तनाव व्यवस्थापन विषयमा र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव तथा प्रवक्ता रुद्रसिंह तामाङले स्थानीय तहसम्बन्धी कानुन र जिम्मेवारीहरू विषयमा सहजीकरण गरेका थिए ।

गोकर्णेश्वर नगरपालिका प्रमुख सन्तोष चालिसेले कार्यशालाको शुभारम्भ गर्दै कार्यशाला अन्त्यन्त सान्दर्भिक रहेको बताए । उनले सबैलाई सक्रिया रूपमा सहभागी हुन पनि आग्रह गरे ।

नगरपालिका उपप्रमुख शान्ति नेपालले यस कार्यशालाले आफूमा सकारात्मकता बढाएको र जिम्मेवारी बहनमा उत्साह थपेको बताइन् । काठमाडौं महानगरपालिका वडा नम्बर ७ का अध्यक्ष शुद्वकुमार डङ्गोलले कार्यशाला प्रभावकारी रहेको बताउँदै समय-समयमा यस्ता कार्यशाला गरिरहनुपर्ने बताए ।

समग्र विकास सेवा केन्द्रका अध्यक्ष दुर्गादत्त घिमिरेले यस कार्यशालाबाट जीवनशैलीलाई व्यवस्थित बनाउन सहयोग पुग्ने बताए । उनले यसले सुशासनमा बल पुग्ने विचार व्यक्त गरे ।

४७ जना सहभागी रहेको कार्यशालाको अन्तिम शत्रमा स्थानीय सामाजिक परिवारका प्रतिनिधिहरू समेतलाई सहभागी गराएर सेवाप्रवाहको अवस्था सम्बन्धमा दोहोरो अन्तर्क्रिया गराइएको थियो । उक्त अन्तर्क्रियामा सामाजिक परिवारका प्रतिनिधिहरूले आफूले भोगिरहेका समस्याहरू राखेका थिए भने जनप्रतिनिधिहरूले आवश्यक पहलका लागि सहयोग गर्ने वचनबद्धता प्रकट गरेका थिए ।

**उदयपुर** : 'सुशासन अभिबर्द्धनका लागि सकरात्मक सोच' विषयक कार्यशाला २०७४ आश्विन २७ र २८ गते उदयपुरको गाईघाटमा सम्पन्न भयो ।


*बाँकी पृष्ठ ६ र ७ मा*

# स्थानीय सरकारसँग अन्तरसंवाद

**धादिङ :** 'सामाजिक परिवार गठन हुनुअघि हामी जङ्गलीजस्तै थियौं । अहिले सङ्गठित भएका छौं । आफ्नो कुरा राख्न सक्ने भएका छौं । निर्धक्क बोल्न सक्छौं । नियमित बचत गरेका छौं । पहिले गाउँमा खानेपानीको अति दुःख थियो, सडक पनि थिएन । सामाजिक परिवारको पहलमा धेरै ठाउँमा धायौं । धेरै संघ-संस्था र सरकारबाट पनि सहयोग पायौं ।'

बालकुमारी सामाजिक परिवार, पीडाका सदस्य ममता राईले यसो भनिरहँदा कार्यक्रमका प्रमुख अतिथि गजुरी गाउँपालिकाका अध्यक्ष राजेन्द्रविक्रम बस्नेतलगायत अतिथिहरू बडो चाख मानेर सुनिरहेका थिए । राईले अहिलेको गाउँको अवस्था सुनाइन्, 'अहिले गाउँमा खानेपानीको व्यवस्था छ । सडक पनि निर्माण भएको छ । आफ्ना बालबच्चालाई सधैं स्कुल पठाउछौं । समूहमा भाँडाकुँडा पनि जोडेका छौं । बिहे-ब्रतबन्ध र सामाजिक कार्यको भोज गर्दा सजिलो भएको छ । गरेदेखि हुँदो रहेछ । बिस्तारै हाम्रो जिन्दगी फेरिएको छ ।'

अर्की सहभागी पञ्चकन्या सामाजिक परिवार, गजुरीका सचिव सीता मग्रतीले सामाजिक परिवार गठन भएपछिको एक दशकको परिवर्तन सुनाइन्, '२०६३ सालमा सामाजिक परिवार बनेपछि उज्यालो गाउँमा धेरै परिवर्तन भयो । पहिले धारा-पधँरामा पनि दिदीबहिनीहरू झगडा गर्नुहुन्थ्यो । कहिलेकाहीँ त टाउकामा हात पनि पुग्थ्यो । कपाल लुछालुछ पनि हुन्थ्यो । त्यो अहिले हरायो । गाउँघरमा झगडा धेरै कम भएको छ । हामी मानिसजस्तै भएर बाँच्न पाएका छौं । बचत गर्ने, छोराछोरी स्कुल पठाउने, व्यक्तिगत घटना दर्ता गर्ने गरिरहेका छौं । हामीले अधिकारबारे थाहा पाएका छौं । समग्र विकास सेवा केन्द्रले हामीलाई ठूलो सहयोग गरेको छ ।'

२०७४ भाद्र २ गते समग्र विकास सेवा केन्द्रले धादिङको गजुरी गाउँपालिकामा नवनिर्वाचित जनप्रतिनिधिहरूको स्वागत समारोह आयोजना गरेको थियो । उक्त समारोहमै सुशासन विषयमा अन्तर्क्रिया गराइएको थियो । अन्तर्क्रियामा सहभागी प्रतिनिधिहरूले सामाजिक परिवारमा संङ्गठित भएपछि आफ्नो ठाउँमा धेरै सकारात्मक परिवर्तन आएको अनुभव सुनाएका थिए ।

अन्तर्क्रियामा गजुरी गाउँपालिकाका अध्यक्ष राजेन्द्रविक्रम बस्नेतले भने, 'सामाजिक परिवारको प्रतिनिधिहरूको भनाइबाट र भिडियो हेर्दा थाहा भयो- समग्र विकास सेवा केन्द्रले राम्रो काम गरिरहेको छ । गजुरी र पिडामा काम गरिरहेको समग्र विकास सेवा केन्द्रलाई किराञ्चोकमा पनि कार्यक्षेत्र विस्तारको लागि अनुरोध गर्छु । समग्र विकास सेवा केन्द्रले यस गाउँपालिकामा पुऱ्याउनुभएको सेवाप्रति आभारी छु ।'

अध्यक्ष बस्नेतले गाउँपालिकाको तर्फबाट गर्नुपर्ने सहयोग र सद्भावमा कुनै कमी नहुने प्रतिवद्वता पनि व्यक्त गरे । उनले भने, 'इमान्दारीपूर्वक काम गर्ने संघ-संस्थाहरूलाई मेरो सहयोग सदैव हुनेछ । सम्मान तथा अन्तर्क्रिया गरी आफूले गरेका कामको लेखाजोखा र पारदर्शीता कायम गराउनु भएकोमा समग्र विकास सेवा केन्द्रलाई हार्दिक धन्यवाद छ ।'

त्यसैगरी, गाउँपालिका उपाध्यक्ष सीता ढुङ्गानाले समग्र विकास सेवा केन्द्रले धेरैपहिलेदेखि धादिङमा राम्रो काम गर्दै आइरहेको आफूलाई थाहा भएको बताउँदै भनिन्, 'सामाजिक परिवारको माध्यमबाट गरिरहेको समाज रूपान्तरण कार्य सह्रानीय छ । द्वन्द्व रूपान्तरण, राज्यको सेवासुविधामा सीमान्त वर्गको पहुँच वृद्धि, सामाजिक मेलमिलाप र सद्भाव अभिवृद्धि, महिला तथा विपन्न मानिसहरूको सशक्तीकरणजस्ता कार्य गर्दै आएकोमा धन्यवाद दिन्छु । समग्र विकास सेवा केन्द्रसँग खुलेर सहकार्य गर्न हामी तयार छौं ।'

कार्यक्रममा जिल्ला समन्वय समिति, धादिङका सदस्य सावित्री बि.क., वडा अध्यक्षहरू राजकुमार पण्डित, चुडामणि कँडेल, अर्जुनबहादुर भुजेलगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

बालकुमारी सामाजिक परिवारकी अध्यक्ष चमेली राईको अध्यक्षतामा सम्पन्न उक्त






कार्यक्रममा समग्र विकास सेवा केन्द्रका कार्यक्रम अधिकृत अमर अधिकारीले संस्थाले धादिङमा गर्दै आइरहेको गतिविधिबारे जानकारी गराएका थिए ।

कार्यक्रममा जनप्रतिनिधिहरू, विभिन्न सामाजिक परिवारका प्रतिनिधिहरू, समग्र विकास सेवा केन्द्रका कार्यकर्ताहरू गरी महिला ४६, पुरुष १८ गरी ६४ जनाको सहभागिता थियो ।

**सुनसरीः** समग्र विकास सेवाकेन्द्रको आयोजनामा बराहा नगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरूको स्वागत तथा सुशासन विषयमा सरोकारवालाहरूबीच अन्तर्क्रिया भाद्र २३ गते सम्पन्न भयो ।

बराहा नगरपालिकामा आयोजित उक्त अन्तर्क्रियामा नगरप्रमुख निलम खनाल, उपप्रमुख कमला मगर, वडा नं. ८, ९, ११ का वडा अध्यक्षहरू क्रमशः फणिन्द्रप्रसाद भट्टराई, दीपककुमार लिम्बु, केदार बिष्ट, वडा नं. ११ का वडा सदस्यहरू जानुका न्यौपाने, बुधनीदेवी मण्डल, अनिरुद्र मण्डल, सामाजिक परिवारका सदस्यहरू र समग्र विकास सेवा केन्द्रका कर्मचारीहरू गरी ९१ जनाको सहभागिता थियो। कार्यक्रममा नवनिर्वाचित प्रतिनिधिहरूलाई फूलमाला र अविरले स्वागत गरिएको थियो । समग्र विकास सेवा केन्द्रको भिडियो प्रदर्शन गरिएको उक्त कार्यक्रममा जिल्ला संयोजक अनन्तराम गिरीले समग्र विकास सेवा केन्द्रले आर्थिक वर्ष २०७३/७४ मा गरेका कामको विवरण प्रस्तुत गरेका थिए। उनले चालू आर्थिक वर्षको कार्यक्रम तथा बजेटबारे पनि जानकारी गराएका थिए । कार्यक्रम अधिकृत अमर अधिकारीले धन्यवाद ज्ञापन गर्दै समग्र विकास सेवा केन्द्रको परिचयसहित स्थानीय तहका पदाधिकारीहरूको काम, कर्तव्य र महत्वबारे प्रकाश पारेका थिए । कार्यक्रम मखमली सामाजिक परिवारकी सचिव उर्मिला दाहालको अध्यक्षतामा भएको थियो ।

**रौतहट :** गुजरा नगरपालिकामा नवनिर्वाचित जनप्रतिनिधिहरूको स्वागत तथा सुशासनसम्बन्धी अन्तर्क्रिया कार्यक्रम असोज २७ गते सम्पन्न भयो ।

कार्यक्रममा गुजरा नगरपालिका वडा नं.१ देखि ९ सम्मका वडा अध्यक्ष र सदस्यहरू, वडा कार्यालयका सचिवहरू, स्थानीय संघ-संस्थाका प्रतिनिधि, सामाजिक परिवारका प्रतिनिधिहरू तथा समग्र विकास सेवा केन्द्रका कर्मचारीहरू गरी ७१ जना सहभागी थिए ।

तालिम संयोजक रामप्रसाद चौधरीले समग्र विकास सेवा केन्द्रले गुजरा र गौर नगरपालिकामा सञ्चालन गरिरहेको कार्यक्रम सम्बन्धमा जानकारी गराएका थिए । जननिर्वाचित प्रतिनिधिहरूको स्वागत जिल्ला संयोजक रामसिंहासन राय यादवले गरेका थिए ।

सामाजिक परिवारहरूका तर्फबाट जय श्रीराम सामाजिक परिवारका सचिव पुनमदेवी चौधरी, श्री बजरंगबली सामाजिक परिवारका सदस्य तेतरीदेवी माझी, श्री दुर्गा सामाजिक परिवारको सदस्य फूलकुमारीदेवी राम, श्री रामजानकी सामाजिक परिवारका सचिव सुनितादेवी चौधरीले सामाजिक परिवारले गरिरहेको कार्यहरू र आफूहरूले भोगिरहेका समस्याहरूबारे जानकारी गराएका थिए । वडा अध्यक्षहरूले आफ्नो वडामा देखिएका समस्याहरू निराकरण गर्न लागिपर्ने र नागरिकहरूलाई बढी सेवासुविधा उपलब्ध गराउने कार्यमा लाग्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

उपप्रमुख रौशन खातुनले समग्र विकास सेवा केन्द्रसँग सहकार्य गरेर अगाडि बढ्ने बताइन् । उनले भनिन्, 'सामाजिक कार्यमा म लागिरहने छु। नागरिकको हकअधिकारका लागि हामीले काम गर्ने छौं ।'

गुजरा नगरपालिका वडा नम्बर १ को बजरंगबली सामाजिक परिवारकी अध्यक्ष सलितादेवी माझीको सभापतित्वमा सम्पन्न अन्तर्क्रिया कार्यक्रमकी प्रमुख अतिथि गुजरा नगरपालिकाकी उपप्रमुख रौशन खातुन थिइन् ।

यस्तै, २०७४ आश्विन ३० गते कर्जना नगरपालिका, सिरहामा पनि सम्पन्न भयो । जनप्रतिनिधिहरू, कर्मचारी तथा सामाजिक परिवारका प्रतिनिधिहरू गरी ६० जनाभन्दा बढीको सहभागी रहेको उक्त कार्यक्रममा समग्र विकास सेवा केन्द्रका क्षेत्रीय संयोजक दुर्गाप्रसाद महतोले दोसल्ला ओढाएर जनप्रतिनिधिहरूको स्वागत गरेका थिए ।

# भूकम्प प्रतिरोधी घर बनाउन डकर्मी तालिम




धादिङ : समग्र विकास सेवा केन्द्र र गरीबी निवारण कोषको साझेदारीमा भूकम्प पुनर्लाभ परियोजना (Earthquake Response Project) अन्तर्गत भूकम्प प्रतिरोधात्मक आवास निर्माणको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्नमा सहयोग पुऱ्याउने उद्देश्यले धादिङमा सञ्चालित तीनवटा ७ दिने भूकम्प प्रतिरोधात्मक आवास निर्माणको लागि डकर्मी तालिममा ७५ जना व्यक्तिहरू सहभागी भए जसमध्ये १७ जना महिला, २ दलित र ७१ जना जनजाती थिए। २०७४ जेष्ठ २८ गतेदेखि गगाँजमुना गाउँपालीका–२ को रि, तावलमा, आषाढ ५ गतेदेखि वेनिघाटरोराङ गाउँपालीका वाड न.९ को जोगिमारा, मझिमटारमा र आषाढ १५ गतेदेखि वार्ड न.१० को जोगिमारा, लैताकमा शुरु भएका यी तालिमहरूमा सहभागीहरूलाई इन्जिनीयरहरूबाट भूकम्प सम्बन्धि आधारभूत जानकारी, भूकम्पीय जोखिम न्यूनिकरणका उपायहरूको बारेमा जानकारी गराउनुको साथै भूकम्प प्रतिरोधात्मक आवास निर्माण प्रविधिको बारेमा जानकारी तथा अभ्यास गराईएको थियो । त्यसदेखि अतिरिक्त तालिममा वातावरण र भवन निर्माण, भवन निर्माण संहिता र डकर्मीहरूको भूमिकाको बारेमा जानकारी गराउनुको साथै सहभागीहरूलाई आवास निर्माणमा आवश्यक पर्ने औजार, सुरक्षाको सामाग्री र सहयोगी पुस्तिका गरि १२ प्रकारका सामाग्रीहरू उपलब्ध गराइएको थियो। जम्मा १५ लाख ७५ हजार रूपैयाँको लगानीमा भएको ती तालिमहरूको अनुगमनको क्रममा गरिबी निवारण कोषबाट तालिमको अभ्यासबाट बनेको संरचना प्रर्दशनी सवैभन्दा उत्कृष्ट भएको जानकारी भएको थियो।

# निर्वाचनसम्बन्धी प्रशिक्षण

काठमाडौं : समग्र विकास सेवा केन्द्र र युएसएआईडी/आईएफईएसको सहकार्यमा लोकतन्त्र र निर्वाचनका लागि जनचेतना कार्यक्रम सञ्चालनका लागि नौ वटा जिल्लामा दुई-दुईदिने प्रशिक्षण सम्पन्न भएका छन् । प्रदेश नम्बर २ का आठवटा जिल्लाहरू-सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा तथा प्रदेश नम्बर ३ को सिन्धुली जिल्ला नौ जिल्लामा उक्त कार्यक्रम सम्पन्न भएको हो । सिरहा, सर्लाही र बारा जिल्लामा कात्तिध २३ र २४ गते, सप्तरी, रौतहट र पर्सा जिल्लामा कार्तिक २५ र २६ गते तथा सिन्धुली जिल्लामा २७ र २८ गते सो प्रशिक्षण सम्पन्न भएको हो ।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा जनसहभागिता बढाई मतदान गर्नेको प्रतिशत बढाउन तथा बदर मत संख्या घटाउनु सो कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो। उक्त प्रशिक्षणबाट प्रत्येक जिल्लाहरूमा २५-२५ जनाका दरले सहजकर्ताहरू तयार गरिएको थियो ।

उक्त कार्यक्रमहरूमा संघीयता र राज्यको संरचना, निर्वाचनको परिचय र महत्व, प्रतिनिधिसभा र प्रदेशसभाको बनौट, निर्वाचन र मतदान प्रक्रिया, मतपत्र, सदर मत र बदर मतको अवस्था, सरोकारवालाहरूसँगको समन्वय, सञ्चारमाध्यम तथा सामाजिक नेटवर्कहरूको प्रयोग, अपाङ्गमैत्री निर्वाचन, अनुगमन प्रणाली आदिबारे प्रशिक्षण दिइएको

*बाँकी पृष्ठ ८मा*

# सामाजिक परिवारसँग अन्तर्क्रिया



**सुनसरी :** सुनसरीको कोशी गाउँपालिका वडा नं. २ मा रहेको हंश सामाजिक परिवारसँग समग्रका कार्यक्रम अधिकृत अमर अधिकारीले २०७४ भाद्र २४ गते अन्तर्क्रिया गरेका छन् । बैठकमा सामाजिक परिवारको गठनको फाइदा, सामाजिक परिवारले गरिरहेका कार्य, समस्या तथा भावी योजनाका विषयमा छलफल भएको थियो ।

२०७१ साल असार २६ गते स्थापना गरिएको हंस सामाजिक परिवारमा ३२ घरधुरी आवद्ध छन्, जसमा २७ घरधुरी मण्डल, ३ धुरी यादव र २ धुरी उराव रहेका छन् ।

हरेक महिनाको १० गते सामाजिक परिवारको बैठक बस्ने गरिएको छ । मासिक रु. १०० वचत गर्दै आइरहेको सामाजिक परिवार सदस्यहरूले हालसम्म रु. ६०,८०० जम्मा गरेका छन् ।

कोषाध्यक्ष देवजानी मण्डलले सो रकम १२ प्रतिशत व्याज दरमा आयआर्जन कार्यका लागि ऋण लगानी गर्दै आएको बताइन् । सामाजिक परिवारले नियमित रूपमा खाता तथा पासबुक भर्ने गरिएको छ ।

सामाजिक परिवार बनेपछि के फाइदा भयो त भन्ने जिज्ञासामा अध्यक्ष मिलनदेवी मण्डलले भनिन्, ‘पहिले हामी कसैले पनि राम्रोसँग बोल्न जानेका थिएनौं । अहिले सबैले आफ्नो परिचय दिनसक्ने भएका छन् । सबैले लेखपढ गर्न सिकेका छन् । सबै बालबालिकाको जन्म दर्ता गर्ने, विद्यालय भर्ना गर्ने गरिएको छ । नागरिकता बनाउन थालेका छन् । सरसफाइमा ध्यान दिन थालिएको छ । गर्भवती महिलाहरूलाई स्वास्थ्य जाँच, खोप, पोषणजस्ता कुराको जानकारी पाएका छौं । सबै व्यवसायमा लागेका छौं ।’

त्यसैगरी, सचिव विनिता मण्डलले थपिन्, ‘धेरै संस्थाहरूबाट आएर हामीलाई तालिम दिनुभएको छ । हेल्थपोष्ट इन्चार्ज आशा मेहताले स्वास्थ्यसम्बन्धी तालिम दिनुभयो ।’ कृषि प्राविधिक शत्रुधन यादवले तरकारी खेती, फलफूल तथा अनाजका विषयमा तालिम दिएका थिए । लौकही थानाबाट कृष्ण श्रेष्ठले शान्ति सुरक्षा र नागरिक प्रहरीबीचको सहकार्य सम्बन्धमा जानकारी दिएका थिए । सदस्य अनिता उरावले वचत धेरै बनाएर अझै आयआर्जन बढाउने, सामुदायिक भवन बनाउने, बेरोजगारी हटाउने, बाख्रापालन गर्ने, सामाजिक परिवारको सदस्यहरूको उस्तै युनिफर्म बनाउने, सानो परिवार सुखी परिवार बनाउनेजस्ता सामाजिक परिवारको भावी योजना रहेको बताइन् ।

सामाजिक परिवारका सदस्यहरू नेतृत्व तहमा पुगेको पाइएको छ । अनिता उराव कोशी मध्यवर्ति क्षेत्र समुहको सचिव भएकी छन् भने पुष्पादेवी मण्डल आरआरएनको सामाजिक समूहकी सचिव र महिला विकास समूहको अध्यक्ष छिन् । विनिता मण्डल वालविकास कार्यालय सहयोगी छिन् भने अमेरिका यादव विद्यालयकी शिक्षिका छिन् । देवजानकी मण्डल सिलाइकटाइ मास्टर बनेकी छिन् ।

सामाजिक परिवारका सदस्यहरूले पापड, भुजिया, मुरइचिउरा जस्ता सामग्री तयार गरी बजारमा बेच्दै आएका छन् । पार्वती मण्डलले कपडा पसल सञ्चालन गरकी छिन् । प्रायःजसो सबैले तरकारी र अन्नबाली खेती गरी बिक्रीवितरण गर्दै आएका छन् ।

# सकारात्मक सोच..




उदयपुर जिल्ला समन्वय समिति, त्रियुगा नगरपालिका कार्य समितिका जनप्रतिनिधि, सदरमुकामस्थित सरकारी कार्यालयका प्रमुख र प्रतिनिधिहरूको लागि आयोजना गरिएको उक्त कार्यशालामा ५१ जना सहभागी थिए ।

नवनिर्वाचित जनप्रतिनिधिहरू तथा सरकारी कार्यालयका कर्मचारीहरूलाई सकारात्मक सोचतर्फ अग्रसर गराई स्थानीय सेवा प्रवाहलाई सरल र सहज बनाउन उक्त कार्यशाला आयोजना गरिएको थियो । 'सुशासन अभिवद्धिमा टेवा पुऱ्याउने साथै स्थानीय तहको जिम्मेवारी र भूमिका सम्बन्धमा संवैधानिक तथा कानुनी रूपमा स्पष्ट बनाउनु' कार्यक्रमको उद्देश्यले थियो । कार्यशालामा योग तथा मानव चेतना विशेषज्ञ डा. राजु अधिकारीले 'सुशासन अभिबर्द्धनका लागि सकारात्मक सोच' विषयमा र अधिवक्ता मिलन श्रेष्ठले 'स्थानीय तहसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था र स्थानीय तहको जिम्मेवारी' विषयमा सहजीकरण गरेका थिए ।

त्यसैगरी, समग्र विकास सेवा केन्द्रका कार्यक्रम अधिकृत अमर अधिकारीले 'सुशासनका आठ खम्बा र सहभागितामूलक योजना निर्माण' सम्बन्धमा सहजीकरण गरेका थिए ।

नेपाली काँग्रेसका जिल्ला कार्यालयसचिव गौरव बस्नेतले समग्र विकास सेवा केन्द्रले उचित समयमा उपयुक्त कार्यशालाको आयोजना गरेकोमा धन्यवाद दिँदै भने, 'परिवर्तित सन्दर्भमा स्थानीय जनप्रतिनिधिको भूमिका महत्वपूर्ण छ । यस कार्यशालाले जनप्रतिनिधिहरूलाई भूमिका निर्वाहमा महत्वपूर्ण सहयोग पुऱ्याउने मेरो विश्वास छ ।'

जिल्ला समन्वय समितिका सदस्य कमला खड्काले कार्यशाला महत्वपूर्ण र उपयोगी भएको बताइन् । कार्यशालाको उद्घाटन जिल्ला समन्वय समितिका उपप्रमुख गङ्गा राईले फूलको गमलामा पानी हालेर गरेकी थिइन् । समग्र विकास सेवा केन्द्रका उदयपुरका जिल्ला संयोजक नितेश परियारले सहभागी तथा अतिथिहरूलाई स्वागत गरेका थिए । सहभागिहरूले यस किसिमका तालिम अन्य नगरपालिका र गाउँपालिकामा पनि सञ्चालन गर्न सुझाव दिएका थिए ।

**सिरहा :** समग्र विकास सेवा केन्द्रको आयोजनामा लहान नगरपालिकाका निर्वाचित प्रतिनिधिहरूको स्वागत तथा सुशासनका लागि सकारात्मक सोच विषयक गोष्ठी २०७४ असोज २९ गते सम्पन्न भयो ।

लहानस्थित मारवाडी सेवा सदनमा सम्पन्न उक्त गोष्ठीमा उपप्रमुख सरियार  चौधरीले फूलको गमलामा पानी हालेर उक्त गोष्ठीको उद्घाटन गरेकी थिइन् ।

नगरपालिकाका नवनिर्वाचित सबै पदाधिकारी र सदस्यहरूलाई  सकारात्मक सोचतर्फ अग्रसर गराई सुशासन अभिवृद्धि गर्न र स्थानीय तहको जिम्मेवारी पूरा गराउन क्षमता



# नयाँ संविधानमा मौलिक हक

*संविधानसभाले २०७२ असोज ३ गते नयाँ संविधान जारी गर्‍यो । यो संविधानका ३५ भाग, ३०८ धारा र ९ वटा अनुसूची छन् । भाग ३ मा मौलिक हकको व्यवस्था छ, जुन धारा १६ देखि ४६ सम्म लिपिबद्ध छन् ।*



४०. दलितको हक :
(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।
(५) राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ ।
(६) राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ ।
(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ ।
४१. ज्येष्ठ नागरिकको हक :
ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ ।
(१) आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि
४२. सामाजिक न्यायको हक :
परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ। पहिलो संशोधनद्वारा संशोधित ।
(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ ।
(३) अपांगता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।
(४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ ।
(५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ ।
४३. सामाजिक सुरक्षाको हक :
आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।
४४. उपभोक्ताको हक :
(१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ ।
(२) गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
४५. देश निकाला विरुद्धको हक :
कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन ।
४६. संवैधानिक उपचारको हक :
यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १३३ वा १४४ मा लेखिए बमोजिम संवैधानिक उपचार पाउने हक हुनेछ ।

# सकारात्मक सोच..

अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको थियो- सो कार्यक्रम ।
कार्यक्रममा सकारात्मक सोचबारे विशेषज्ञ डा. राजु अधिकारीले सहजीकरण गरेका थिए। प्रशिक्षक अधिकारीले सुशासन/सकारात्मक सोच/स्वस्थ जीवनशैली र सरल/सहज रूपमा सेवा र जिम्मेवारी प्रवाह सम्बन्धमा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दिनुको साथै विभिन्न अभ्यास पनि गराएका थिए । त्यसैगरी, समग्र विकास सेवाकेन्द्रका कार्यक्रम अधिकृत अमर अधिकारीले स्थानीय तहको अधिकारसम्बन्धी संवैधानिक तथा कानुनी विषयमा छलफलको सहजीकरण गरेका थिए । सो कार्यक्रममा स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधिहरूलाई खादा ओडाएर स्वागत गरिएको थियो ।
कार्यक्रमका सहभागीहरूलाई स्वागत गर्दै क्षेत्रीय संयोजक दुर्गाप्रसाद महतोले समग्र विकास सेवा केन्द्रले लहान नगरपालिकामा गरिरहेको कामबारे जानकारी गराएका थिए। लहान नगरपालिकाका उपप्रमुख सरियादेवी चौधरीले समग्र विकास सेवा केन्द्रले सही समयमा महत्वपूर्ण कार्यक्रमको आयोजना गरेर नगरपालिकालाई ठूलो गुन लगाएको बताउँदै आगामी दिनमा मिलेर यस्ता खालका कार्यक्रम गर्दै जाने वाचा गरेकी थिइन् ।
कार्यक्रमका लहान नगरपालिकाका उपमेयरसहित वडा अध्यक्ष तथा सदस्यहरू, सामाजिक परिवारका प्रतिनिधि, समग्र विकास सेवा केन्द्रका कर्मचारी, नागरिक समाजका अगुवाहरू, सञ्चारकर्मीसहित ९९ जनाको सहभागिता थियो । जसमध्ये बहुसङ्ख्यक महिला थिए ।

# सामाजिक परिवारबाट वडा सदस्य



मेरो नाम मैना रोका हो । मेरो जन्म २०२२ साल भाद्र १ गते गोरखा जिल्ला गोरखा नगरपालिका वडा नं. ४, गरपानीमा बुवा सन्तबहादुर र आमा पाकुलीको कोखबाट भएको हो। चार दाजुभाई र म एक्ली छोरी आर्थिक अवस्था कमजोर दलित तथा महिलाले पढ्नु हुदैन भन्ने अवस्थाले गर्दा पढ्न पाइन ।

घरमा घाँस दाउरा मेलापात गरी जीविकोपार्जन गर्दै रहें, माइतीमा रहँदा। २०३५ सालमा विवाह भयो। पति रामबहादुर रोकाको घर परिवारमा पाँच दाजुभाइको साइली बुहारी भई घर परिवारमा रहदै आएँ। विवाह भएको चार वर्षपछि क्रमशः १ छोरी, ३ वटा छोरा जन्मे । बच्चा पालनपोषण गर्दै रहें ।

२०६३ बैशाख १ गते समग्र विकास सेवा केन्द्रको प्रयासमा हाम्रो दलित बस्तीमा सामाजिक परिवार गठन भयो । म पनि सामाजिक परिवारमा आवद्ध भई विभिन्न तालिम गोष्ठीमा सहभागी हुँदै आएँ। समग्र विकास सेवा केन्द्रले हामीलाई धेरै कुरा सिकायो ।

प्रौढ कक्षा पढ्ने अवसर पाई सामान्य लेखपढ गर्न सक्ने भएँ । अरुको अगाडि दुई चार कुरा निर्धक रूपमा राख्न सक्ने पनि भएँ । जनजागरण सामाजिक परिवारमा अध्यक्ष पदमा रही काम गर्दै जाँदा क्षमता विकास पनि भयो । अरुले पनि पत्याउन थाले ।

२०७४ वैशाख २९ गते भएको स्थानीय निर्वाचनमा नेपाली कांग्रेसले गोरखा नगरपालिका वडा नं. ६ को दलित महिला सदस्यमा उम्मेदवार बनायो । वडा सदस्य निर्वाचित हुन पुगे ।

असाध्यै खुशी लाग्यो । दलित, गरिब तथा महिलाको हक अधिकार तथा सामाजिक परिवारको उन्नति प्रगतिको लागि आफूले काम गर्दै आएको र अझै धेरै गर्ने आशा लिएको छु । समग्र विकास सेवा केन्द्र र सामाजिक परिवारलाई धेरै-धेरै धन्यवाद पनि दिन चाहन्छु । ●

## निर्वाचनसम्बन्धी......

थियो । कार्यक्रममा सहभागीहरूलाई नमूना मतदानका माध्यमबाट भोट खसाल्न सिकाउँदै त्यसबारे अभ्याससमेत गराइएको थियो ।

त्यसैगरी, समग्र विकास सेवा केन्द्रले मतगणना, मतदान सामग्रीहरूको प्रयोगबारे जानकारी गराउनुका साथै प्रत्येक जिल्लाहरूमा सञ्चालन गर्ने १२ वटा नमूना मतदान गराएको थियो। साथै, गीति प्रतियोगितालाई सहजीकरण गर्ने कला पनि नौ वटा सिकाइएको थियो ।

समग्र विकास सेवा केन्द्रका जिल्ला संयोजक अरुण चौधरीले सिरहा सप्तरीमा सहजीकरण गरेका थिए भने धनुषा र महोत्तरीमा उदयपुर संयोजक नितेश परियारले सहजीकरण गरे। त्यसैगरी, बारा संयोजक राजकिशोर चौधरीले बारा र पर्सामा सहजीकरण गरे भने कार्यक्रम अधिकृत अमर अधिकारीले सर्लाही, रौतहट र सिन्धुलीमा प्रशिक्षणको सहजीकरण गरेका थिए ।

त्यसैगरी, सामाजिक परिवारका प्रतिनिधिहरू तथा समग्र विकास सेवा केन्द्रका उत्प्रेरकहरूका लागि निर्वाचनसम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्तिक २९ र ३० गते सुनसरी, उदयपुर, सिरहा र सप्तरीमा सम्पन्न भयो । ●

